# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा

प.सं. :-पशु सेवाशाखा२०७७/०७८ चक्रघट्टी, सुनसरी
च.नं. :- १.नं. प्रदेश नेपाल

**लागत साझेदारीमा पाडा प्रबर्द्धन कार्यक्रम (मासु उत्पादन) संचालन सम्बन्धी प्रस्ताव आव्हानको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/१०/२५**

बराहक्षेत्र नगरपालिकाको आ.ब. २०७७/०७८ को शशर्त तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु "लागत साझेदारीमा पशुपन्छी प्रबर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया २०७७" बमोजिम लागत साझेदारमा **पाडा प्रबर्द्धन (मासु उत्पादन) कार्यक्रम** गर्न इच्छुक सहकारी संस्था/कृषक समुह/समितिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र निवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने समेत जानकारी गराईन्छ।

कार्यक्रम विवरण

| क्र.स. | कार्यक्रमको नाम | संख्या | नगरपालिका बाट व्यहोरिने साझेदारी रकम रु. | शसर्त अनुदानको रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा पाडा प्रबर्द्धन (मासु उत्पादन) कार्यक्रम | १ | १९,९०,०००। (उन्नाईस लाख नब्बे हजार) | १९,९०,०००। (उन्नाईस लाख नब्बे हजार) | २५ प्रतिशत साझेदारी गर्न सक्ने ईच्छुक नगरपालिका भित्रका कृषि सहकारी/कृषक समुह/समिति | |

निवेदन साथ संलग्न कागजातहरु

१. अनुसुचि ३ अनुसार तोकिएको ढाँचामा रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन।
२. अनुसुचि २ अनुसारको संक्षिप्त कार्ययोजना।
३.समुह/समिति/ सहकारी संस्थाको दर्ता प्रमाण पत्र, सहकारी संस्थाको हकमा गत आ.ब. को कर चुक्ता प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन र कृषि/पशुपालन व्यवसाय संचालन गर्ने उदेश्य तथा मासुको लागी पाडा पालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि
४ समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
५.समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली
६. सम्बन्धित वडा कार्यालयको सिफारिस
७. लागत साझेदारीको प्रतिबद्धता पत्र
८.विगत ३ बर्ष भित्र कुनै सरकारी अनुदान नलिएको स्वघोषणा पत्र
९. स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्र को प्रतिलिपी

नोट : विवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस बराहक्षेत्र नगरपालिकाको www.barahamun.gov.np बाट डाउनलोड गर्न सकिने छ वा सम्बन्धति शाखा बाट प्राप्त गर्न सकिन्छ।

## संक्षिप्त कार्ययोजना ढाँचा

१. व्यवसायको परिचय :

२. कार्यक्रम सुरु हुने मिति :

३. कार्यक्रम सम्पन्न हुने मिति :

४. लक्षित वर्ग र सम्भावित रोजगारी विवरण :

५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारी विवरण :

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु . | स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुचि ३

लागत साझेदारीमा पाडा प्रबर्द्धन कार्यक्रम( मासु उत्पादन ) संचालनको लागी निवेदन पत्र

मितिः २०७७/.../...

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बराहक्षेत्र नगरपालिका चक्रघट्टी, सुनसरी ।

बिषय : लागत साझेदारीमा पाडा प्रबर्द्धन कार्यक्रम( मासु उत्पादन ) उपलब्ध गराई दिने बारे ।

महोदय,

यस नगरपालिकाको मिति २०७७/../.. गतेको प्रकाशित सुचना अनुसार यस पाडा पालन समुह/समिति/सहकारी संस्थाले पाडा प्रबर्द्धन कार्यक्रम संचालन गर्न निन्नानुसार कागजात सहित निवेदन गरेका छौ । कार्यक्रममा साझेदारीको लागी प्राप्त रकमको दुरुपयोग नगर्ने प्रतिबद्धता ब्यक्त गर्दछौ ।

**संलग्न कागजातहरु :**

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा पशुपालन संचालन तथा मासुको लागी पाडा पालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपिहरु
२. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
३.समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली
४. वडा कार्यालयलयको सिफारिस
५. सदस्यहरुको पाडा संख्या